# कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०७७ चैत ९ गते सोमवार)

यस मुक्तिनाथ विकास बैंक लि.को शाखा कार्यालय धनगढीबाट तपसिलमा उल्लेखित ऋणीले व्यवसायिक अधिविकर्ष कर्जा, व्यवसायिक आवधिक कर्जा र मुक्तिनाथ ग्राहक सुरक्षण कर्जा शिर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत यसै संस्था संगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई/यहाँको व्यवसाय निरिक्षण गर्ने कममा व्यवसाय सञ्चालनमा नरहेको पाइएकोले सो सम्बन्धमा कर्जा चुक्ता गर्नको लागि पटक पटक टेलिफोन, प्रत्यक्ष भेटघाट तथा पत्र मार्फत तरताकेता गर्दा समेत सोको वेवास्ता गरी संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा चुक्ता भुक्तान गर्नको लागि यो ३५ दिने सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस बैंकमा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण साँवा, व्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, व्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउँदछौं। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी साँवा, व्याज, हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ। साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपशिल**

| **ऋणीको विवरण** | **व्यक्तिगत धनजमानीको विवरण** |
|---|---|
| नाम : **बिमल ट्रेडर्स एण्ड सप्लायर्स**<br>प्रोप्राईटरः **तिलक वहादुर मल्ल**<br>फर्म दर्ता नं : ८७५०/५९/६०<br>फर्म दर्ता मिति : २०५९/१०/१२<br>पा.न. नं. : ३०१२७९१३८<br>पा.न. दर्ता मिति : २०५९/१०/१२<br>दर्ता रहेको निकाय : बाणिज्य कार्यलय धनगढी कैलाली<br>दर्ता ठेगानाः धनगढी न.पा. वडा नं-०२ कैलाली | <br>१.नाम : **तिलक वहादुर मल्ल**<br>बाबुको नाम : जंग वहादुर मल्ल<br>बाजेको नाम : हर्क वहादुर मल्ल<br>ना.प्र नं. : ४५०<br>जारी मिति : २०४२/०२/०७<br>जारी जिल्ला : डोटी<br>स्थायी ठेगाना : पचनाली गा.वि.स. वडा न.६, डोटी<br>हालको ठेगाना : धनगढी उ.म.न.पा. वडा नं. २, कैलाली |
| **व्यक्तिगत धनजमानीको विवरण :**<br><br>२.नाम : **महामति देवी मल्ल**<br>बाबुको नाम : बिक्रम वहादुर चन्द<br>पतिको नाम : तिल वहादुर मल्ल<br>ससुराको नाम : जंग वहादुर मल्ल<br>ना.प्र नं.:७२५७४६<br>जारी मिति : २०४३/०९/०८<br>जारी जिल्ला : डोटी<br>स्थायी ठेगाना : पचनाली गा.वि.स. वडा न.६, डोटी<br>हालको ठेगाना : धनगढी उ.म.न.पा. वडा नं. २, कैलाली | **धितो सुरक्षणको विवरण :**<br>श्री तिलक वहादुर मल्लको नाममा मालपोत कार्यलय धनगढी कैलालीमा दर्ता श्रेस्ता रहेको कैलाली जिल्ला, धनगढी न.पा. वडा न. २ स्थित कि. न. ३२४ क्षेत्रफल ३३५.०० व.मि. को घर जग्गा र सो को सम्पुर्ण लिगलगापात समेत। |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**

**MUKTINATH BIKAS BANK LTD.**

**Central Office:** Kathmandu Plaza, Kamaladi, Kathmandu,
Toll Free No.: 16600149999, E-mail:info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

Member of
Global Alliance for
Banking on Values

Winner of
EUROPEAN
MICROFINANCE
AWARD 2020

**जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ**

3x20